## खोप लगाउने व्यक्ति र स्याहारकर्ताहरूका लागि जानकारीमूलक सामग्री
### 18 वर्ष वा सोभन्दा बढी उमेरका मानिसहरूमा
### कोरोनाभाइरस रोग 2019 (COVID-19) को रोकथामका लागि
### MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपको आपत्कालीन प्रयोगको अनुमति (EUA)

SARS-CoV-2 का कारणले लाग्ने कोरोनाभाइरस रोग 2019 (COVID-19) को रोकथाम गर्न तपाईंलाई MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप लगाइँदै छ । यस जानकारीमूलक सामग्रीमा हाल COVID-19 को महामारी चलिरहेको समयमा तपाईंले लगाउन सक्ने MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपका जोखिम र फाइदाहरूको बारेमा बुझ्न मद्दत गर्ने जानकारी समावेश गरिएको छ ।

MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप सुईमार्फत दिइने एउटा खोप हो र यसले तपाईंलाई COVID-19 हुनबाट रोक्न सक्छ । COVID-19 को रोकथामका लागि स. रा. अमेरिकाको खाद्य तथा औषधि विभाग (FDA) ले अनुमोदन गरेको कुनै पनि खोप उपलब्ध छैन ।

MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपबारे थप जानकारी प्राप्त गर्न यो जानकारीमूलक सामग्री पढ्नुहोस् । यदि तपाईंसँग कुनै जिज्ञासा छन् भने खोप प्रदायकसँग कुरा गर्नुहोस् । MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप लगाउने
नलगाउने तपाईंको रोजाइको कुरा हो ।

MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप 1 महिनाको अन्तरमा 2 वटा डोज गरेर मांसपेशीमा लगाउनुपर्छ ।

MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपले सबैलाई सुरक्षा नदिन सक्छ ।

यो जानकारीमूलक सामग्री अद्यावधिक भएको हुन सक्छ । सबैभन्दा ताजा जानकारीमूलक सामग्रीका लागि कृपया यस वेबसाइटमा जानुहोस्: www.modernatx.com/covid19vaccine-eua ।

## यो खोप लगाउनुभन्दा पहिले तपाईंले जान्नुपर्ने कुराहरू

**COVID-19 कस्तो रोग हो?**
COVID-19 रोग SARS-CoV-2 प्रजातिको कोरोना भाइरसका कारण लाग्ने रोग हो । यो प्रकारको कोरोना भाइरस यसअघि देखिएको थिएन । यो भाइरसको सङ्क्रमण भएको व्यक्तिसँग सम्पर्कमा आउँदा तपाईंलाई COVID-19 लाग्न सक्छ । यो मुख्यतः श्वासप्रश्वाससम्बन्धी रोग हो र यसले अन्य अङ्गहरूमा असर गर्न सक्छ । COVID-19 सङ्क्रमित व्यक्तिमा हल्का लक्षणदेखि गम्भीर बिमारीसम्मका विभिन्न खालका लक्षणहरू देखिएको छ । सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा आएको 2 देखि 14 दिनको बिचमा लक्षणहरू देखिन सक्छन् । लक्षणहरूमा निम्न लगायत पर्न सक्दछन्: ज्वरो आउने वा काम छुट्ने, खोकी लाग्ने, सास फुल्ने, थकाइ लाग्ने, मांसपेशी वा शरीर दुख्ने, टाउको दुख्ने, स्वाद वा गन्ध थाहा पाउने क्षमता गुमाउने, घाँटी दुख्ने, नाक बन्द हुने वा नाकबाट पानी बग्ने, वाकवाकी लाग्ने वा बान्ता आउने, पखाला लाग्ने ।

**MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप कस्तो खोप हो?**
MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप स्वीकृत भइनसकेको खोप हो जसले COVID-19 को रोकथाम गर्न सक्छ । COVID-19 रोकथामका लागि FDA ले अनुमोदन गरेको कुनै पनि खोप उपलब्ध छैन ।

FDA ले आपत्कालीन प्रयोग अनुमति (EUA) अन्तर्गत 18 वर्ष वा सोभन्दा बढी उमेरका मानिसलाई COVID-19 को रोकथामको लागि MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपको आपत्कालीन प्रयोगको अनुमति प्रदान गरेको छ ।

EUA को बारेमा थप जानकारीको लागि यस जानकारीमूलक सामग्रीको अन्तिम खण्डमा रहेको "**आपत्कालीन प्रयोग अनुमति (EUA) भनेको के हो ?**" हेर्नुहोस् ।

**MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप लगाउनुभन्दा पहिले तपाईंले आफ्नो खोप प्रदायकलाई के**

**कुरा बताउनुपर्छ?**
आफ्नो खोप प्रदायकलाई निम्नलगायतका आफ्ना सम्पूर्ण स्वास्थ्य अवस्थाहरूबारे बताउनुहोस्:

- एलर्जी भएमा
- ज्वरो आएमा
- तपाईंमा रक्तस्राव सम्बन्धी विकार छ वा तपाईं रगत पातलो बनाउने औषधि लिँदै हुनुहुन्छ भने
- तपाईंको प्रतिरोधात्मक क्षमता कमजोर छ वा तपाईं प्रतिरक्षा प्रणालीमा असर गर्ने औषधि लिँदै हुनुहुन्छ
- तपाईं गर्भवती हुनुहुन्छ वा गर्भवती हुने योजना गर्दै हुनुहुन्छ
- तपाईं स्तनपान गराउदैँ हुनुहुन्छ
- तपाईंले COVID-19 विरुद्धको अर्को कुनै खोप लगाउनुभएको छ

**MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप कस्ता व्यक्तिले लगाउनुपर्छ?**
FDA ले 18 वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरूलाई MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप आपत्कालीन प्रयोगको अनुमति दिएको छ ।

**MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप कस्ता व्यक्तिले लगाउनु हुँदैन?** निम्न अवस्थामा तपाईंले MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप लगाउनु हुँदैन:

- यस खोपको पछिल्लो सुई लगाएपछि गम्भीर एलर्जीजन्य प्रतिक्रिया भएको थियो भने
- यस खोपमा समावेश गरिएका कुनै पनि पदार्थसँग गम्भीर एलर्जीजन्य प्रतिक्रिया भएको थियो भने

**MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपमा कस्ता पदार्थहरू समावेश छन्?** MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपमा निम्न पदार्थहरू समावेश गरिएको छ: मेसेन्जर राइबोन्युक्लेइक एसिड (mRNA), लिपिड (SM-22, पोलिइथाइलिन ग्लाइकोल [PEG] 2000 डिमाइरिस्टोइल ग्लिसरोल [DMG], कोलेस्ट्रोल, र 1,2-डिस्टेरोयल-एसएन-ग्लाइसेरो-3-फोस्फोकोलिन [DSPC]), ट्रोमेथामाइन, ट्रोमेथाइन हाइड्रोक्लोराइड, एसिटिक एसिड, सोडियम एसीटेट र सुक्रोज ।

**MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप कसरी दिइन्छ ?**
MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप तपाईंलाई मांसपेशीमा सुईको माध्यमबाट दिइने छ ।

MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप 1 महिनाको अन्तरमा 2 वटा डोज दिइन्छ ।

तपाईंले MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपको एउटा डोज लगाउनुभयो भने तपाईंले खोपको सिरिज पूरा गर्न यही खोपको दोस्रो डोज 1 महिनापछि लगाउनुपर्छ ।

**के MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप पहिले प्रयोग भइसकेको छ ?**
MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप स्वीकृत भइनसकेको खोप हो । क्लिनिकल परीक्षणहरूमा 18 वर्ष वा सोभन्दा बढी उमेरका लगभग 15,400 मानिसहरूले MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपको कम्तीमा एउटा डोज लगाइसकेका छन् ।

**MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपका फाइदाहरू के-के छन् ?**
एउटा जारी क्लिनिकल ट्रायलमा MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपलाई एक महिनाको अन्तरमा 2 वटा डोज लगाउँदा COVID-19 रोकथाम गरेको देखिएको छ । यो खोप लगाउनाले कति समयसम्म COVID-19 बाट जोगाउँछ भन्ने कुरा हाल पत्ता लागिसकेको छैन ।

**MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपका जोखिमहरू के-के छन् ?**
MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपका रिपोर्ट गरिएका साइड इफेक्टहरू निम्नलगायत छन्:

- सुई लगाइएको स्थानमा हुने प्रतिक्रियाहरू: सुई लगाइएको हातका लिम्फ नोडहरूमा दुख्ने, कोमलता र सुन्निने, सुन्निने (कडापन) र रातोपन
- सामान्य साइड इफेक्टहरू: थकान, टाउको दुख्ने, मांसपेशी दुख्ने, जोर्नीको दुखाइ, काम छुट्ने, वाकवाकी लाग्ने र बान्ता

आउने र ज्वरो आउने

MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपले गम्भीर एलर्जीजन्य प्रतिक्रिया हुन सक्ने झिनो सम्भावना हुन्छ । सामान्यतया MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपको डोज लगाएको केही मिनेटदेखि एक घण्टाभित्र गम्भीर एलर्जीजन्य प्रतिक्रिया देखिन्छ । यस कारणले गर्दा, तपाईंको खोप प्रदायकले निगरानीको लागि तपाईंलाई खोप लगाइएको ठाउँमा रहन आग्रह गर्न सक्ने छ । गम्भीर एलर्जीजन्य प्रतिक्रियाका लक्षणहरूमा निम्नलगायत पर्न सक्छन्:

- सास फेर्न कठिनाइ
- अनुहार र घाँटी सुन्निने
- मुटुको धड्कन बढ्ने
- शरीरभरि नराम्रो डाबर उठ्ने
- रिङ्गटा लाग्ने र कमजोरी महसुस हुने

MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपका सबै सम्भावित साइड इफेक्टहरू यीमात्र नहुन सक्छन् । गम्भीर र अप्रत्याशित साइड इफेक्टहरू हुन सक्छन् । MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप अझै क्लिनिकल परीक्षणहरूमा अध्ययन भइरहेको छ ।

## साइड इफेक्ट देखिएमा मैले के गर्नुपर्छ?

यदि तपाईंले कुनै गम्भीर एलर्जीजन्य प्रतिक्रिया अनुभव गर्नुभयो भने, 9-1-1 मा कल गर्नुहोस् वा नजिकको अस्पताल जानुहोस् ।

तपाईंलाई कुनै साइड इफेक्टले गर्दा समस्या भयो वा उक्त साइड इफेक्ट हराएर गएन भने खोप प्रदायक वा आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस् ।

खोपका साइड इफेक्टहरूबारे **FDA/CDC खोप प्रतिकूल घटना रिपोर्टिङ प्रणाली (VAERS)** मा रिपोर्ट गर्नुहोस् । VAERS टोल फ्री नम्बर 1-800-822-7967 हो वा अनलाइनमाhttps://vaers.hhs.gov/reportevent.html मा रिपोर्ट गर्नुहोस् । कृपया रिपोर्ट फारमको बाकस #18 को पहिलो पङ्क्तिमा "MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपको EUA" समावेश गर्नुहोस् ।

त्यसको साथसाथै, तपाईं साइड इफेक्टहरू 1-866-MODERNA (1-866-6633762) डायल गरी ModernaTX, Inc. मा रिपोर्ट गर्न सक्नुहुनेछ ।

तपाईंलाई **v-Safe** मा नाम दर्ता गर्ने विकल्प पनि दिन सकिन्छ । **V-safe** एउटा स्वेच्छिक रूपमा सामेल हुन सकिने स्मार्टफोनमा उपलब्ध टुल हो । यसले टेक्स्ट म्यासेज पठाउने सुविधा तथा वेब सर्वेक्षणहरू प्रयोग गरी COVID-19 विरुद्धको खोप लगाएपछि खोप लगाउने व्यक्तिहरूमा देखिने सम्भावित साइड इफेक्टहरू पहिचान गर्छ । **V-safe** ले CDC लाई COVID-19 विरुद्धका खोपहरू कत्तिको सुरक्षित छन् भनी निगरानी राख्न मद्दत गर्न खोप लगाउने व्यक्तिलाई प्रश्नहरू सोध्छ । आवश्यक परेका खण्डमा **V-safe** ले खोपको दोस्रो डोज लगाउन स्मरण पनि गराउँछ। त्यस्तै, यो टुलमा सामेल हुने व्यक्तिले COVID-19 विरुद्धको खोप लगाउँदा उल्लेख्य किसिमको साइड इफेक्टबारे रिपोर्ट गरे भने CDC मार्फत लाइभ टेलिफोन फलोअप पनि गर्छ । यो सेवामा कसरी साइन अप गर्ने भन्ने बारेमा थप जानकारी प्राप्त गर्न यो वेबसाइटमा जानुहोस्: www.cdc.gov/vsafe.

## यदि मैले MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप नलगाउने निर्णय गरेँ भने के हुन्छ ?

MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप लगाउने-नलगाउने तपाईंको रोजाइ हो । यदि तपाईंले खोप नलगाउने
निर्णय गर्नुभयो भने यसले तपाईंको सामान्य चिकित्सा सेवामा परिवर्तन ल्याउँदैन ।

## MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप बाहेक COVID-19 रोकथामका लागि के अन्य विकल्पहरू उपलब्ध छन्?

हाल COVID-19 को रोकथामका लागि FDA ले स्वीकृत गरेको कुनै वैकल्पिक खोप उपलब्ध छैन । आपत्कालीन प्रयोग अनुमतिअन्तर्गत COVID-19 को रोकथामको लागि अन्य खोपहरू उपलब्ध हुन सक्छन् ।

**के म अन्य खोपहरू लगाएपछि MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप पनि लगाउन सक्छु?** अन्य खोपहरूसँग MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप प्रयोग गर्न हुने वा नहुने भन्ने बारेमा कुनै जानकारी उपलब्ध छैन ।

**म गर्भवती छु वा मैले बच्चालाई स्तनपान गराइरहेकी छु भने मैले यो खोप लगाउनु हुन्छ?**
तपाईं गर्भवती हुनुहुन्छ वा स्तनपान गराइरहनुभएको छ भने आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग आफूसँग उपलब्ध विकल्पहरूका बारेमा छलफल गर्नुहोस् ।

**MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोप लगाउँदा के मलाई COVID-19 लाग्छ?**
लाग्दैन । MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपमा SARS-CoV-2 समावेश गरिएको हुँदैन र यो खोप लगाउनाले तपाईंलाई
COVID-19 लाग्न सक्दैन ।

**आफ्नो खोप कार्ड नहराई राख्नुहोस्**
तपाईंले पहिलो सुई लगाएपछि, तपाईंलाई खोप कार्ड दिइने छ जुन तपाईंले MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपको दोस्रो डोज लगाउँदा देखाउनुपर्ने हुन्छ । तपाईं फेरि आउँदा आफ्नो कार्ड लिएर आउन नबिर्सनुहोस् ।

**थप जानकारी**
यदि तपाईंसँग कुनै प्रश्न भएमा वेबसाइटमा जानुहोस् वा तल दिइएको टेलिफोन नम्बरमा कल गर्नुहोस् ।

सबैभन्दा ताजा जानकारीमूलक सामग्री पढ्न कृपया तल दिइएको QR कोड स्क्यान गर्नुहोस् ।

| MODERNA ले विकास गरेको COVID-19 विरुद्धको | टेलिफोन नम्बर |
|---|---|
| www.modernatx.com/covid19vaccine-eua | 1-866-MODERNA<br>(1-866-663-3762) |

**म कसरी यसबारे थप जानकारी प्राप्त गर्न सक्छु?**
- खोप प्रदायकलाई सोध्नुहोस्
- CDC को वेबसाइटमा जानुहोस् https://www.cdc.gov/coronavirus/2019-ncov/index.html
- FDA को वेबसाइटमा जानुहोस् https://www.fda.gov/emergency-preparedness-and-response/mcm-legal-regulatory-and-policy-framework/emergency-use-authorization
- आफ्नो प्रान्तीय वा स्थानीय जनस्वास्थ्य विभागमा सम्पर्क गर्नुहोस्

**मैले खोप लगाएको जानकारीको रेकर्ड कहाँ राखिने छ?**
खोप प्रदायकले तपाईंको खोप सम्बन्धी विवरण तपाईंको प्रान्तीय/स्थानीय अधिकारक्षेत्रभित्रको खोप सूचना प्रणाली (IIS) वा अन्य तोकिएको प्रणालीमा समावेश गर्न सक्ने छ । यसले गर्दा तपाईं दोस्रो डोज लगाउन आउँदा यही खोप प्राप्त गर्नु हुनेछ भन्ने कुरा सुनिश्चित हुन्छ । IIS को बारेमा थप जानकारीको लागि यहाँ जानुहोस्:
https://www.cdc.gov/vaccines/programs/iis/about.html.

**काउन्टरमेजर चोटपटक क्षतिपूर्ति कार्यक्रम भनेको के हो?**
काउन्टरमेजर चोटपटक क्षतिपूर्ति कार्यक्रम (CICP) एक संघीय कार्यक्रम हो जसले यो खोप लगायत निश्चित औषधि वा खोपहरूको कारणले गम्भीर रूपमा चोटपटक लागेका निश्चित मानिसहरूका लागि औषधोपचारको खर्च र अन्य विशेष खर्चहरू भुक्तानीमा मद्दत गर्न सक्ने छ । सामान्यतया, यो क्षतिपूर्ति प्राप्त गर्न खोप लगाएको मितिदेखि एक (1) वर्ष भित्रमा CICP मा दाबी पेश गरिनुपर्छ । यस कार्यक्रमको बारेमा थप जानकारी प्राप्त गर्न www.hrsa.gov/cicp/मा जानुहोस् वा 1-855-266-2427 मा कल गर्नुहोस् ।

**आपत्कालीन प्रयोग अनुमति (EUA) भनेको के हो ?**
संयुक्त राज्य अमेरिकाको FDA ले MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपको EUA नामक एक आपत्कालीन पहुँच संयन्त्र अन्तर्गत उपलब्ध गराएको छ । COVID-19 विश्व महामारीका समयमा औषधि तथा जैविक उत्पादनहरू आपतकालीन रूपमा प्रयोग गर्न सकिन्छ भन्ने पुष्टि गर्ने परिस्थितिहरू विद्यमान हुन्छन् भनेर स्वास्थ्य तथा मानव सेवा (HHS) सचिवले गर्नुभएको घोषणाबमोजिम EUA समर्थन गरिएको छ।

FDA ले अनुमोदन वा पास गरेको उत्पादनमा जति समीक्षा गरिन्छ त्यति समीक्षा MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपका सम्बन्धमा गरिएको छैन । पर्याप्त, स्वीकृत र उपलब्ध विकल्पहरू नभएको लगायत केही मापदण्डहरू पूरा हुँदा FDA ले EUA जारी गर्न सक्दछ । त्यस बाहेक, FDA को निर्णय COVID-19 महामारीको समयमा COVID-19 को रोकथामको लागि प्रभावकारी हुन सक्छ र उत्पादनका थाहा भएका र सम्भावित लाभहरू यसका ज्ञात र सम्भावित जोखिमहरू भन्दा बढी हुन्छ भन्ने कुरा प्रमाणित गर्ने उपलब्ध वैज्ञानिक प्रमाणहरूको सम्पूर्णतामा आधारित छ । COVID-19 महामारीको समयमा उत्पादन प्रयोग गर्नका लागि यी सबै मापदण्डहरू पूरा हुनै पर्दछ ।

MODERNA ले विकास गरेको COVID-19 विरुद्धको खोपका लागि EUA उक्त घोषणाको अन्त्य गरिएको वा खारेज भएको अवस्थामा बाहेक (जुन मिति उप्रान्त उत्पादनहरू प्रयोग नहुन सक्छ) यी उत्पादनहरूको आपत्कालीन प्रयोगको औचित्य प्रमाणित गर्ने COVID-19 EUA घोषणाको अवधिको लागि लागू हुने छ ।

©2020 ModernaTX, Inc. सर्वाधिकार सुरक्षित ।
पेटेन्ट(हरू): www.modernatx.com/patents
संशोधन गरिएको मिति: 12/2020

यो जानकारीमूलक सामग्री इलेक्ट्रोनिक मेडिकल रेकर्ड / खोप सूचना प्रणालीको लागि खोप लगाउने सेवाग्राहीलाई प्रदान गरिएको थियो भन्ने कुरा क्याप्चर गर्न स्क्यान गर्नुहोस् ।

बारकोड मिति: 12/2020